बैठक सञ्चालन कार्यविधि-२०७४

**अनुसूची-१**

**बुदा नं. १२.२ संग सम्बन्धित**

बैठक संख्या: १२७

मिति: २०८२/०४/०८

अध्यक्षता: श्री ऋषिकेशव बुढामगर

**कार्यपालिकाका पदाधिकारीहरू:**

| | | |
|---|---|---|
| १. | श्री ऋषिकेशव बुढामगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढामगर | उपाध्यक्ष |
| ३. | श्री हेमराज घर्तीमगर | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं. वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं. वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं. वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्तीमगर | ४ नं. वडा अध्यक्ष |
| ८. | श्री बुद्धि बहादुर घर्ती | ५ नं. का.वा. वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थिति:**

| | | |
|---|---|---|
| १. | धन बहादुर ओली | शिक्षा अधिकृत |
| २. | तुल बहादुर पुन | जनस्वास्थ्य निरिक्षक |
| ३. | भिमसेन बुढामगर | सूचना प्रविधि अधिकृत |
| ४. | सरोज रोका मगर | कार्यालय सहयोगी |

**प्रस्तावहरू:**

१. जिम्मेवारी हेरफेर सम्बन्धमा,
२. १५ शैया अस्पताल सञ्चालनको लागि पहल गर्ने सम्बन्धमा,
३. रेविज विरुद्धको भ्याक्सिन कोटा माग गर्ने सम्बन्धमा,
४. सहकार्य सम्बन्धमा,
५. MIS Operator र फिल्ड सहायकको सेवा सुविधा (स्थानीय र महङ्गी भत्ता) सम्बन्धमा,
६. वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा,
७. कर्मचारी आवास व्यवस्थापन सम्बन्धमा,
८. कर्मचारी सम्बन्धमा,
९. सामि परियोजनाका लागि जनशक्ति व्यवस्थापन सम्बन्धमा,
१०. कर्मचारी माग सम्बन्धमा,
११. जग्गा पास सम्बन्धमा,
१२. विविध।

**निर्णयहरू:**

प्रस्ताव नं १ माथि छलफल गर्दा अर्को व्यवस्था नभएसम्मका लागि निम्न शाखाको जिम्मेवारी निम्न कर्मचारीलाई दिने निर्णय गरियो।

१. विपद व्यवस्थापन/भूमि समस्या समाधान आयोगको सम्पर्क व्यक्ति - सिर कुमार रोका, रोजगार सहायक
२. ५ नं वडा कार्यालयको प्राविधिक - शिव कुमार ओली, खा.पा.स.टे.
३. ४ नं वडा कार्यालयको प्राविधिक - युवराज बेलबासे, अ.स.ई
४. ३ नं वडा कार्यालयको प्राविधिक - सुनिल महता, अ.स.ई
५. २ नं वडा कार्यालयको प्राविधिक - धन बहादुर घर्तीमगर, अ.स.ई
६. १ नं वडा कार्यालयको प्राविधिक - खिर्मा बुढा मगर, अ.स.ई
७. वास सम्पर्क व्यक्ति - निशा आचार्य, सव-इन्जिनियर

साथै जिम्मेवारी तोकिएका सम्पूर्ण कर्मचारीलाई मिति २०८२ श्रावण १५ गतेभित्र वडा कार्यालयमा गई हाजिरी गर्न तथा वडा कार्यालयमै बसी नियमित सेवा प्रदान गर्नका लागि निर्देशनका साथ निर्णय गरियो।

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं १ स्थित १५ शैयाको थबाङ आधारभूत अस्पताल सञ्चालन एवं स्थापना सम्बन्धी धन्यावाद सहित जानकारी पठाउने साथै आ.व. २०८२/०८३ मा अस्पताल सञ्चालनको लागि जनशक्ति, मेडिकल तथा सर्जिकल औजार उपकरण र थप भौतिक पूर्वाधार निर्माण सम्बन्धी बजेट मागको अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताव नं ३ माथि छलफल गर्दा रेविज विरुद्धको भ्याक्सिन कोटा निर्धारणको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं, स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौंमा अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताव नं ४ माथि छलफल गर्दा निक साइमन्स इन्स्टिच्यूट, सानेपा, ललितपुर, नेपालसँग १५ शैया थबाङ आधारभूत अस्पतालको गुणस्तरिय ग्रामिण आधारभूत स्वास्थ्य सेवा सुदृढिकरणका लागि यथासिघ्र सहकार्य गर्न आवश्यक पहलको लागि अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताव नं ५ माथि छलफल गर्दा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०८२।०३।३० गतेको पत्रानुसार MIS Operator र फिल्ड सहायकको सेवा सुविधा (स्थानीय र महङ्गी भत्ता) को व्यवस्था सम्बन्धित स्थानीय तहले गर्न सक्नेछ भनि पत्र प्राप्त भएकाले MIS Operator र फिल्ड सहायकको सेवा सुविधा (स्थानीय र महङ्गी भत्ता) दिने निर्णय गरियो।

प्रस्ताव नं ६ माथि छलफल गर्दा वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं ७ माथि छलफल गर्दा निर्माण सम्पन्न भइसकेको कर्मचारी आवासलाई मिति २०८२ श्रावण मसान्तभित्र व्यवस्थापन गरी कर्मचारीहरुको आवासका लागि भाडामा लिइएको भवनबाट सार्ने निर्णय गरियो।

प्रस्ताव नं ८ माथि छलफल गर्दा १२६ औं कार्यपालिकाको बैठक बमोजिम कार्यालयको अनुमति बिना मिति २०८२ असार २४ गतेदेखि २६ गतेसम्म कार्यालयसँग सम्पर्कबिहिन भई मिति २०८२ असार २६ गतेमात्र सम्पर्कमा आएका कर्मचारीहरुसँग मिति २०८२।०३।२८ गते स्पष्टिकरण माग गरिएकोमा सबै कर्मचारीबाट मिति २०८२/०३/३० गतेभित्र लिखित स्पष्टिकरण प्राप्त भएकोमा साथै आजको मितिमा ४ जना कर्मचारीबाट मौखिक स्पष्टिकरण लिइएकोमा कार्यालयको जानकारीबिना सम्पर्कबिहिन भएकोले यस गाउँपालिकाको कार्यालयबाट कार्यपालिका निर्णय गरी दिदैं आएको थप सेवा सुविधा (इन्धन, फिल्ड भत्ता) अर्को निर्णय नभएसम्मका लागि कटौटी गर्ने निर्णय गरियो। साथै यस थबाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र मातहतका सम्पूर्ण कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको आ.व. २०८१/०८२ को कार्यसम्पादन मूल्याङ्कन अनुसार करारनामा नविकरण गर्ने निर्णय गरियो। साथै थबाङ सोलार मिनिग्रिडका व्यवस्थापक सुमन्ति रोकालाई आ.व. २०७९/०८० मा तोकिएको भन्दा बढी पारिश्रमिक लिएकाले सो वक्यौता रकम मिति २०८२ श्रावण १५ गतेभित्र गाउँपालिकाको आन्तरिक राजश्व खातामा दाखिला गरे पश्चातमात्र करारनामा नविकरण गर्ने अन्यथा करारनामा रद्द गर्ने निर्णय गरियो।

प्रस्ताव नं ९ माथि छलफल गर्दा सामि परियोजनाका लागि जनशक्ति व्यवस्थापनका लागि यथाशिघ्र विज्ञापन गर्ने निर्णय गरियो।

प्रस्ताव नं १० माथि छलफल गर्दा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोके बमोजिम दरबन्दी तेरिजका रिक्त रहेका दरबन्दीहरुको विवरण प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलले माग गरे बमोजिमको माग आकृति फारम भरी पठाउने निर्णय गरियो।